विषय कोड: ००२१'G'

**NEB - GRADE XII**
**2079 (2022)**

# अनिवार्य नेपाली

**(नयाँ पाठ्यक्रम)**

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

१. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको अक्षर संरचना देखाई अक्षर सङ्ख्यासमेत लेख्नुहोस् : ३

आगामी दिनमा अन्य कम्पनीसँग पनि सुमधुर <u>वातावरणमा</u> सहयोग <u>आदानप्रदान</u> हुने अपेक्षाका साथ यथाशीघ्र सम्झौता गरी <u>काम</u> अघि बढाउनसमेत यो कम्पनी अनुरोध गर्छ ।

२. **तलको अनुच्छेदलाई शुद्ध** गरी **पुनर्लेखन** गर्नुहोस् : ३

मेरा छोराछोरिको भविष्य के होला । हिसावै गर्ने हो भने मान्छे को सोचाईले ब्रह्मान्डै ढाक्छ ।

३. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : २

(क) तलको अनुच्छेदबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी तिनको प्रयोग गरेर एक एकओटा वाक्य बनाउनुहोस् ।

बढुवा हुने आशामा रहेका एक जागिरे व्यक्ति बेरुजुका कारण आफू निलम्बनमा परेको खवर पाएपछि कार्यकक्षमै डङ्ग्रङ्ङ लडे । कार्यालयका साथीहरू हस्याङफस्याङ गर्दै उनको कोठामा छिर्दा ढोका ढ्वाङ्ग बजेपछि त उनी झन तर्सिए ।

(ख) तलको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनको प्रयोग गरेर एक एकओटा वाक्य बनाउनुहोस् :

सधैँ थोरै मिहिनेत गरेर पनि नतिजा आउँदा तालुमा आलु फलाउँदै आएको शम्भुले यसपालि भने आलु खाएछ । यो कुरा एक कान दुई कान मैदान हुँदै उसका बाबुआमासम्म पुगेछ । बाबुआमाले हप्काएपछि अब त उसको घैँटामा घाम लाग्यो होला भनेको त काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भनेझैँ ऊ पढ्न छोडेर बजारतिर बरालिन पो थालेछ । अझ उसैले बजारमा साथीसँग पढ्न पनि पाइने घुम्न पनि पाइने भन्दै एक पन्थ दो काजको फुर्ति लगाएछ ।

४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको **पदवर्ग पहिचान** गरी लेख्नुहोस् : ३

हुन <u>त</u> यो <u>मेरो</u> अभिव्यक्ति हो । त्यसैले म <u>जस्तै</u> अरूले सम्झिन्छन् कि सम्झिँदैनन् आफ्नी <u>आमा</u>लाई तर <u>म</u> भने आपतबिपत् र दु:खमा जहिले पनि आफ्नी आमालाई <u>सम्झिन्छु</u> ।





५. तलको अनुच्छेदबाट **दुईओटा तत्भव शब्द** र दुईओटा **आगन्तुक शब्द** पहिचान गरी लेख्नुहोस् : २

प्राय: किताब पढिरहने बानी भए पनि उनले आफूले खेल्ने गेम र हवाईजहाज, डुङ्गा आदिको नमुना पनि आफैं बनाएर खेल्दै रमाउँथे ।

६. कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस् : ३

(क) तल दिएका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द निर्माण गर्नुहोस् :

उपसर्ग : कु, अधि, बे

प्रत्यय : य, इक, ले

(ख) तलको अनुच्छेदबाट **तीन**ओटा समस्त शब्द र **तीन**ओटा द्वित्व व्युत्पन्न शब्द खोजी तिनको **निर्माण प्रक्रिया** देखाउनुहोस्:

आफ्ना नालायक, निर्लज्ज एवम् खालि पैतृक सम्पत्तिका पछि पछि मात्र लाग्ने छोराहरूलाई आफ्नो घरसर अंशबन्डा गरेर दिई पीताम्बरले धर्मकर्म कमाउने भनी तीर्थाटन गर्ने सोच बनाए । आफ्नी पत्नीसँग सरसल्लाह नै नगरी उनले त्यस्तो निर्णय गर्दा ककसले के भन्लान् भन्नेतर्फ न ध्यान दिए, न दाजुभाइसँग नै कुनै विचार विमर्श गरे ।

७. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको **कारक पहिचान** गरी लेख्नुहोस् :

<u>दाइ</u>ले विदेशबाट <u>आमा</u>लाई पढाइदिनुभएको सामान लिनका लागि म एयरपोर्ट जान तयार भएँ । आफूले सामान पठाइदिएको खबर दाइले मलाई बिहानै <u>फोन</u>बाट गराइसक्नुभएको थियो । मेरो <u>घर</u>देखि एयरपोर्टसम्म म <u>ट्याक्सी</u>मै गएँ । मैले आफ्नो परिचय दिई उक्त सामान मागेपछि त्यहाँका <u>कर्मचारी</u>ले <u>म</u>लाई सामान दिए । त्यसपछि म सरासर <u>घर</u>मा आएँ ।

(ख) तलको अनुच्छेदका वाक्यलाई **प्रथम पुरुषमा परिवर्तन** गर्नुहोस् :

ऊ विद्यालयबाट घर आयो । ऊ खाजा खाएर घुम्न निस्क्यो । उसले गृहकार्य गर्न बिर्स्यो । उसले अर्को दिनदेखि गृहकार्य नगरी बाहिर नजाने वाचा गऱ्यो ।

८. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तलका वाक्यहरूलाई वाक्य ढाँचासहित **इच्छार्थकमा परिवर्तन** गरी लेख्नुहोस् :

तिनीहरू सबैको चाहना पूरा हुन्छ । तिनीहरूका अभिभावक खुसी हुन्छन् । तिनीहरू सबै मिलेर रमाउँछन् । सबैको भलो हुन्छ ।

(ख) तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी **वाक्य ढाँचा**समेत मिलाई पुनर्लेखन गर्नुहोस :

म आज निबन्ध लेखन प्रतियोगितामा सहभागी हुन्छु । म निबन्ध लेख्छु । निर्णायकहरूले हाम्रा निबन्धहरूको मूल्याङ्कन गर्छन् । म उक्त प्रतियोगितामा विजेता भएर खुसी हुन्छु ।

९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तलका वाक्यहरूलाई एउटै **वाक्यमा संश्लेषण** गर्नुहोस् :

रामबहादुर आए। रामबहादुरले लतमायालाई भेटे। रामबहादुरले सुब्बाको सन्देश सुनाए। नानीथकुँको मन बेचैन भयो।

(ख) तलका वाक्यहरूलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :

रक्षाले आफू विद्यालय नआउने जनाइन्। साथीले रक्षा विद्यालय नआउँदा त रमाइलो नै नहुने भनिन्। रक्षाले आज आफ्नी दिदीको बिहे रहेको बताइन्। साथीले रक्षाकी दिदीलाई बधाई सुनाइदिन अनुरोध गरिन्।

१०. तलका अनुच्छेदहरू पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : ५

पाश्चात्य चिकित्साशास्त्रले आश्चर्यजनक प्रगति हासिल गरिसकेको छ। बिसौँ शताब्दीका उत्तरार्धमा जीवविज्ञान तथा जीवरसायनशास्त्रमा भएका प्रगति र शल्यचिकित्सा तथा संवेदनाहरण (एनेस्थेटिक) का सम्बन्धमा भएका विकासले गर्दा शल्य चिकित्सकलाई मानिसका मुटु र मस्तिष्क जस्ता अङ्गमा समेत आफ्ना चक्कुहरूको प्रयोग गर्न सम्भव तुल्याएको छ। शरीरका आन्तरिक अङ्गहरूको प्रतिरोपण र बाह्य अङ्गहरूका सट्टा कृत्रिम अङ्गहरूको प्रतिस्थापन सामान्यतः प्रयोग योग्य हुन लागेका छन्। अब छिटै नै मस्तिष्क प्रत्यारोपणद्वारा एउटा व्यक्तिको बौद्धिक क्षमता अर्को व्यक्तिमा प्रतिस्थापन गर्ने जस्तो अति संवेदनशील र महत्त्वपूर्ण कार्य पनि सम्भव हुन सक्छ। औषधिविज्ञानका क्षेत्रमा व्यक्तिका स्मरणशक्ति, विचार र इच्छाहरूमाथि औषधिको प्रयोगबाट निर्बाध नियन्त्रण कायमसमेत गर्ने गरिएको छ।

चिकित्साशास्त्रको जीवनलाई नियन्त्रित गर्न सक्ने सामर्थ्य जति बढ्दै जाँदो छ त्यति नै चिकित्सकले आफ्ना दक्षताको प्रयोग गर्ने विधि पनि ठुलो चासोको विषय बनेको छ। चिकित्साशास्त्रले मानवजातिको सुखका निम्ति असीमित योगदान गर्न सक्छ। चिकित्साशास्त्र एक उपचार कला हो। एउटा चिकित्सक वा शल्यचिकित्सकमा हुनुपर्ने गरिमाले के माग गर्दछ भने उसले मानव जाति तथा समग्र प्राणीहरूको सेवालाई नै प्रथम चासोको विषय बनाओस् र यसैलाई नै आफू र आफ्ना परिवारका निम्ति जीविकोपार्जनभन्दा बढी प्राथमिकता देओस्। अन्य पेसा तथा क्षेत्रमा जस्तै आधुनिक चिकित्साशास्त्रका क्षेत्रमा पनि सामना गर्नुपरेको एक प्रमुख समस्या द्विविधात्मक मानसिकता हो। यस्तो मानसिकताबाट माथि उठ्न नसकेमा चिकित्सा पेसामा पनि अनेकानेक समस्या सिर्जना हुन सक्छन्। त्यसैले चिकित्सा पेसाका समस्याहरूमा पनि आध्यात्मिक आस्था हुनु सकारात्मक मानिन्छ। आध्यात्मिक चिन्तनले जीवनको सारतत्त्व र मानव प्रकृतिउपरको सुस्पष्ट अन्तर्दृष्टि सिर्जनामा सहयोग पुऱ्याउँछ। तसर्थ आधुनिक चिकित्साशास्त्रले सामना गरिराखेको द्विविधायुक्त मनस्थितिको निराकरण गर्ने एउटै मात्र बाटो मानवतावादी जीवनदर्शनमा आधारित अध्यात्म मानिन्छ। जबसम्म कुनै चिकित्सकले मानव जीवन तथा प्राणीसम्बन्धी विश्व ब्रह्माण्डीय कुनै धार्मिक वा आध्यात्मिक दृष्टिकोण तथा अभिवृत्ति प्राप्त गरेको हुँदैन तबसम्म ऊ उपयुक्त

क्रमशः



चिकित्सक बन्न मुस्किल पर्छ। त्यसैले चिकित्साशास्त्र र आध्यात्मिक दर्शनमा आधारित मानववाद परस्पर सम्बन्धित मानिन्छन्।

**प्रश्नहरू :**

(क) चिकित्साशास्त्रका क्षेत्रमा उल्लेख्य विकास कहिलेबाट भएको हो ?

(ख) चिकित्साशास्त्रका क्षेत्रमा कस्ता कार्यको सम्भावना देखिन्छ ?

(ग) आध्यात्मिक दृष्टिकोणको सम्बन्ध किन चिकित्साशास्त्रसँग रहेको मानिन्छ ?

(घ) चिकित्सकको गरिमा कसरी बढ्छ ?

(ङ) माथिको अनुच्छेदका आधारमा असल चिकित्सकमा हुनुपर्ने दुईओटा प्रमुख विशेषता टिपोट गर्नुहोस्।

११. तलको दिएको अनुच्छेद पढी मुख्य मुख्य **चार बुँदा टिपोट** गर्नुहोस् र **एकतृतीयांशमा सारांश** लेख्नुहोस् : २+३

ओजोन अक्सिजन परमाणुका बहुरूपीय अवस्थामध्ये एक हो। माथिल्लो वायुमण्डलमा ओजोनको उत्पादन सौर्य परावैजनी किरणद्वारा अक्सिजनको प्रकाश विच्छेदनको प्रक्रियाबाट हुन्छ भने तल्लो वायुमण्डलमा नाइट्रोजन अक्साइडको उपस्थितिमा मिथेन, कार्बन मनोअक्साइड तथा हाइड्रोजनको अक्सिकरणद्वारा हुन्छ। माथिल्लो वायुमण्डल तहमा सामान्य अक्सिजनमाथि हुने परावैजनी किरणको क्रियाकलापका कारणबाट पनि ओजोन बन्ने गर्दछ। समुद्र सतहदेखि करिब २५ कि.मि. को उचाइमा यसको अधिकतम मात्रा हुने हुँदा त्यहाँ यसको एउटा घेरा वा तह नै बनेको हुन्छ। यस घेराले सौर्य विकिरणलाई अत्यधिक अवशोषित गर्दछ र परावैजनी किरण सोझै पृथ्वीमा आइपुग्न पाउँदैन। फलतः यसले वायुमण्डलमाथि बिछ्याइएको एउटा कम्बलको जस्तो काम गरी पृथ्वीलाई बचाउँछ किनभने यदि परावैजनी किरण सोझै पृथ्वीमा आउने हो भने यहाँ भएको जीवन त्यसबाट अत्यन्तै प्रभावित हुन्छ, फलस्वरुप छालाको अर्बुद, आँखाको दृष्टिदोष र वनस्पति जगत्को क्षयका साथै वंशगुण र कोषहरूलाई सन्तुलनमा राख्ने जीवाणुसमेत नराम्ररी प्रभावित हुन पुग्दछ। यसबाहेक सूर्यको परावैजनी किरण सिधै पृथ्वीमा छिरेमा भूमण्डलीय जलवायुमा समेत ठुलो परिवर्तन आउँछ। यही कारणले गर्दा वायुमण्डलको यस भागमा ओजोन तह हुनुको अत्यन्त ठुलो महत्त्व छ तर दुःखको कुरो के छ भने ओजोन तह ठाउँ ठाउँमा फाटेर पृथ्वीलाई बचाउने कम्बलमा प्वालैप्वाल परिसकेको छ।

१२. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ४

(क) गणेश पुस्तक पसल धुन्चेका तर्फबाट कक्षा १२ का अनिवार्य नेपाली, अनिवार्य अङ्ग्रेजी, सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा र गणित विषयका ५०/५० प्रति किताब पठाइदिन अनुरोध गर्दै साझा प्रकाशन, ललितपुरलाई लेखिने व्यावसायिक पत्रको नमुना तयार पार्नुहोस्।

(ख) युवाहरूको सहभागितामा सरुवा रोग नियन्त्रणका लागि अभिभावकलाई सचेत गराउने मुख्य उद्देश्य लिई सचेतना कार्यक्रम सञ्चालनको योजना बनाएको 'सिर्जनशील युवा क्लब' चन्द्रनगरको सचिवका रूपमा आफूलाई ठानी उक्त कार्यक्रमसम्बन्धी भएको बैठकको निर्णयको नमुना तयार पार्नुहोस्।

क्रमशः

१३. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ५

(क) आफ्नो विद्यालयले आयोजना गरेको दुई दिने शैक्षिक भ्रमण कार्यक्रमका सम्पूर्ण विवरण समेटी १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'विकासका नाममा हुने बेथिति' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

१४. कुनै एकको व्याख्या गर्नुहोस् : ४

(क) आखिर सामाजिक प्रतिष्ठा पनि वैयक्तिक मर्यादा र महत्त्वका लागि नभइनहुने पक्ष हो ।

(ख) मर्नैपर्छ भने पनि पर पुगी मरौँ ।
नझुक्ने यो हिमालमा किन झुकी मरौँ ।

१५. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तल दिइएको **कथांश** पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

नागयुवक दुष्टात्मा हो भन्ने कुरा त त्यसको कामुक आँखा र स्वरबाटै दमयन्तीले बुझिसकेकी थिइन् । उनले आफ्नो रक्षाका निम्ति उपाय खोज्न तिनले आफूलाई शान्त र संयत राखिन् र आफ्नो दु:ख व्यथाबारे बताउन थालिन् । नागयुवकलाई आफ्नो कथा बताउँदा नलले जङ्गलको बाटो बिराएर हराएको कुरा मात्र गरिन् ।

**प्रश्नहरू :**

(अ) दमयन्तीले नागयुवकलाई किन आफ्नो दु:ख व्यथाबारे बताइन् ?

(आ) दमयन्ती र कर्कोटकको भेट कसरी भयो ? कथाका आधारमा लेख्नुहोस् ।

(ख) तलको **निबन्धांश** पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

टाउकामा चिप्लो न चिप्लो वरफको केश फुलाएर आफ्नो अररो वृद्ध शरीरमा काला रुखको जिङ्ग्रिङे भुत्ला ठड्याई यो घनघस्या गजधुम्म परेर बसेको छ । यो मान्छेहरूसित रिसाएको छ, अग्घोरै रिसाएको छ, अघोरी गाड जत्तिकै रिसाएको छ अनि पोखरेली सेती जत्तिकै रिसाएको छ । सेती नदी पृथ्वीको पेटमा भासिँदै जाओस्, यो चाहिँ ठडिएको ठडियै छ । यसले कहिल्यै त टाउको झुकाउला कि भनेर मैले निरीक्षण गरिहेरेँ तर त्यस्तो लक्षण कतै भेटिएन । उल्टो यो झन् झन् दृढ हुँदै गइरहेको पो मैले पाएँ ।

**प्रश्नहरु :**

(अ) निबन्धकारले घनघस्यालाई मानिसका कुन कुन विशेषतासँग दाँजेका छन् ?

(आ) घनघस्या 'झन् दृढ हुँदै ठडिएको ठडियै छ' भन्नुको आशय के हो ?

१६. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ४

(क) सहकारीले नेपालको विकासमा कसरी सहयोग पुऱ्याएको छ ? चारओटा पक्ष उल्लेख गरी प्रस्ट पार्नुहोस् ।

(ख) 'आमाको सपना' कवितामा आमा र छोराबिच केका बारेमा संवाद भएको छ ? कविताका आधारमा लेख्नुहोस् ।

क्रमश:



१७. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ८

(क) 'एक चिहान' उपन्यासका पात्र रञ्जनादेवी र नानीथकुँका चारित्रिक विशेषताहरू उल्लेख गर्नुहोस् ।

(ख) छिरिङको जीवन सङ्घर्षबाट के शिक्षा लिन सकिन्छ ? समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् ।

१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ८

(क) नेपालका सांस्कृतिक सम्पदा

(ख) सामाजिक सञ्जाल र युवावर्ग

(ग) मलाई मन पर्ने पुस्तक

-0-